ASIAN AMERICANS
ADVANCING JUSTICE
ASIAN LAW CAUCUS

# क्यालिफोर्नियाको २०२० को आम निर्वाचनमा कसरी मतदान गर्ने

## तयार रहनुहोस्

यदि तपाईंको नाम पहिले नै मतदान गर्नका लागि दर्ता भइसकेको छ भने तपाईं तपाईंको सबै जानकारी सही भएको सुनिश्चित गर्नका लागि voterstatus.sos.ca.gov मा जानुपर्छ। तपाईंको ठेगाना, इमेल ठेगानाको जाँच गर्नुहोस् र तपाईंले अनुवाद गरिएका निर्वाचन सामग्रीहरू प्राप्त गर्न चाहनुहुन्छ की चाहनुहुन्न भनी संकेत जनाउन सक्नुहुन्छ।

यदि तपाईंको नाम दर्ता भएको छैन भने, तपाईंले अनलाईनमा voterstatus.sos.ca.gov वा डिएमभीमा, हुलाकमा, पुस्तकालयमा वा तपाईंको काउन्टीको निर्वाचन कार्यालयमा गइ फारम प्राप्त गर्न सक्नुहुन्छ। यदि तपाईंले दर्ता गर्ने अन्तिम म्याद छुटाउनुभयो भने तपाईंले निर्वाचनको दिनमा पनि दर्ता गर्न सक्नुहुन्छ।

## विकल्प १ – घरबाटै मतदान गर्नुहोस्

यदि तपाईं अक्टोबर १९ भित्रमा दर्ता हुनुभयो भने तपाईंले हुलाकमार्फत तपाईंको मतपत्र प्राप्त गर्नुहुनेछ। तपाईंको मतपत्र भर्नुहोस् र त्यसमा हस्ताक्षर गरेको, मिति लेखेको र त्यसलाई सिल गरेको सुनिश्चित गर्नुहोस्।



तपाईंले त्यसलाई **हुलाकमार्फत** फिर्ता पठाउन सक्नुहुन्छ। पोस्टेज चाहिदैंन! नोभेम्बर ३ को अन्तिम दिनभित्र हुलाकको चिन्ह लागेको निश्चित गर्नुहोस्।



तपाईंले यसलाई काउन्टी निर्वाचन कार्यालय वा कुनै मतदान स्थान वा मतदान केन्द्रमा **छोड्न** पनि सक्नुहुन्छ। अक्टोबरको शुरूदेखि नै धेरै काउन्टीहरूले सुरक्षित मतपत्र खसाल्ने बाकसहरू पनि उपलब्ध गराउनेछन्।

निर्वाचनको दिन **मंगलबार, नोभेम्बर ३, २०२०** हो। मतदान **विहान ७ बजेदेखि बेलुकी ८ बजेसम्म**

## विकल्प २ – व्यक्तिले नै मतदान गर्ने

खुला रहनेछ। तपाईंले तपाईंको मतदान स्थान यहाँ हेर्न सक्नुहुन्छः
sos.ca.gov/elections/polling-place

**धेरै काउन्टीहरूले शनिबार, अक्टोबर ३१, २०२० मा शुरू हुने गरी व्यक्तिले नै मतदान गर्ने सुविधा प्रदान गर्नेछन्,** र केहीले अझ अगाडि पनि यो सुविधा प्रदान गर्नेछन्। कृपया तपाईंको स्थानीय निर्वाचन कार्यालयसँग जाँच गर्नेछन्, तपाईंले प्रारम्भिक मतदान स्थान र मतपत्र खसाल्ने बाकसहरू यहाँ हेर्न सक्नुहुन्छः
caearlyvoting.sos.ca.gov



यो प्रक्रियालाई सक्दो सजिलो बनाउनका लागि, यदि तपाईंले हुलाकमार्फत तपाईंको मतपत्र प्राप्त गर्नुभएको छ भने, त्यो ल्याउनुहोस्।